प्रस्तावहरु

१. बजेटनीतितथाकार्यक्रम स्वीकृती सम्बन्धमा ।

२. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।

३. खर्चअनुमोदन सम्बन्धमा ।

४. विनियोजन र आर्थिक विधेयकपारित सम्बन्धमा ।

५. बैठकभत्ता सम्बन्धमा ।

६. प्रोत्साहनभत्ता सम्बन्धमा ।

७. Contengencyसम्बन्धमा ।

८. लागत सहभागिता सम्बन्धमा ।

९. योजनाको सम्झौता सम्बन्धमा ।

१०. योजनाको भुक्तानीतथा फरफारक सम्बन्धमा ।

११. अख्तीयारी सम्बन्धमा ।

१२. अनुगमन र मूल्याङ्कन सम्बन्धमा ।

१३. सवारी साधन सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा आगामीआ.व. २०७४/०७५ मा संचालनतथाकार्यान्वयमाल्याईने भनि अनुसूचिमाउल्लेखित योजना, नीतितथाकार्यक्रम साथै चालु र पूँजिगतखर्चको लागिविनियोजन भएको बजेट स्वीकृति गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठित राजश्व परामर्श समितिबाट प्राप्तप्रतिवेदनलाई हुबहु अनुमोदन गरी आ.व. २०७४/०७५ देखि कार्यान्वयनगर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व.२०७३/०७४ माकार्यान्वयन गरीएका योजना फरफारक, चालु खर्च एवं पूँजिगतखर्च अनुमोदनगर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४उपर छलफल गर्दा विनियोजन विधेयक र आर्थिक विधेयकपारित गरि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५उपर छलफल गर्दा जन निर्वाचितप्रतिनिधिज्यू हरुलाई आ.व. २०७४/०७५ देखि विभिन्ननगर स्तरिय बैठक बस्दा प्रति बैठक रु.१०००/- बैठकभत्तादिने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६उपर छलफल गर्दा नगर परिषद् तथानगर सभामा प्रस्तुतहुने नीतितथाकार्यक्रमतयारी कार्यमा खट्ने राष्ट्र सेवककर्मचारीलाई प्रोत्साहनभत्ता स्वरुपमासिकखाईपाई आएको एक महिनाको तलब बराबरको रकमप्रोत्साहनभत्तादिने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७उपर छलफल गर्दा प्रत्येक योजनाको drawing, design, specification र योजनाअनुगमन, मूल्याङ्कनप्रयोजन तथाअन्यविविधखर्च प्रयोजनको लागिप्रत्येक योजनामाविनियोजित रकमको ३ % Contengencyकट्टागर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८उपर छलफल गर्दा प्रत्येक योजनान्यूनतम २० % नगदवा बस्तुगत लागत सहभागितागरिनु पर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९उपर छलफल गर्दा सम्पूर्ण योजनाको सम्झौताकार्त्तिक मसान्त सम्मगरिसक्नु पर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १०उपर छलफल गर्दा सम्पूर्ण योजनाहरु मध्ये पहिलो चौमासिकमा ३० % योजना, दोस्रो चौमासिकमा ५० % योजना र तेस्रो चौमासिकको जेठ मसान्तभित्र सम्पूर्ण योजना फरफारक गरी भुक्तानीलिईसक्नु पर्ने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११उपर छलफल गर्दा आगामीआ.व. २०७४/०७५ को नीतितथाकार्यक्रमकार्यान्वयनगर्न बजेट खर्च गर्ने अख्तीयारी कार्यकारी अधिकृतलाई दिने निर्णय गरियो ।

निर्णय नं १२

प्रस्ताव नं १२उपर छलफल गर्दा सम्पूर्ण नगर स्तरिय योजनाको निर्वाचितजनप्रतिनिधिहरु र कार्यकारी अधिकृतले निरन्तर अनुगमन र मूल्याङ्कनगर्ने निर्णय गरियो ।

निर्णय नं १३

प्रस्ताव नं १३उपर छलफल गर्दा यस नगरपालिकाको चालु अवस्थामा रहेकादुई वटा सवारी साधनको सम्बन्धमा स्करपिओ जनप्रतिनिधि र बलेरो कर्मचारीलेनगरपालिकाको काममाप्रयोग गर्ने निर्णय गरियो ।